# सुशासन (व्यवस्थापन तथा सञ्चालन) (प्रथम संशोधन) नियमावली, २०७९

स्वीकृत मिति
२०७९/०५/३१

प्रदेश नं. १, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

प्रदेश सरकार (मन्त्रिपरिषद्) ले प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४४ को अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ।

१. <u>संक्षिप्त, नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम **"प्रदेश नं. १, सुशासन (व्यवस्थापन तथा सञ्चालन) (प्रथम संशोधन) नियमावली, २०७९"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश नं. १, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम १ मा संशोधनः</u> प्रदेश नं. १, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ (यस पछि मूल नियमावली भनिएको) को नियम १ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) यी नियमहरुको नाम "**प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७"** रहेको छ।"

३. <u>मूल नियमावलीको नियम २ मा संशोधनः</u> मूल नियमावलीको नियम २ को खण्ड (क) पछि देहायको खण्ड (ख) थप गरिएको छ।

"(ख) "**प्रदेश**" भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ र सो शब्दले प्रदेश नं. १ को नयाँ नामाकरण भएमा सो पश्चात कायम हुने नामलाई समेत जनाउँनेछ।"

४. <u>मूल नियमावलीको नियम ३ मा संशोधनः</u> मूल नियमावलीको नियम ३ को खण्ड (छ) हटाईएको छ।

५. <u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u> मूल नियमावलीको नियम ४ को उपनियम (१) को खण्ड (ग), (घ), (ङ) र उपनियम (२) हटाईएको छ।

६. <u>मूल नियमावलीको नियम ११ मा संशोधनः</u> मूल नियमावलीको नियम ११ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) ऐनको दफा १० को उपदफा (२) को खण्ड (झ) वा दफा ११ को उपदफा (२) को खण्ड (ट) वमोजिम कुनै कर्मचारीलाई पुरस्कार दिँदा वा नियम ५ को खण्ड (छ) वा नियम ६ को खण्ड (ज) वा नियम ७ को खण्ड (ज) वा नियम ८ को खण्ड (घ) वा नियम ९ को खण्ड (ख) बमोजिम पुरस्कारको लागि सिफारिस गर्दा देहायको आधारमा गर्नुपर्नेछः-

(क) कार्यप्रक्रिया सरलीकरण गरी सेवाप्रवाह छिटो छरितो बनाउन योगदान गरेको,

(ख) सेवाप्रवाहको सम्बन्धमा सेवाग्राहीको पृष्ठपोषण सकारात्मक रहेको,

(ग) राजश्व वृद्धिको लागि उल्लेखनीय काम गरेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) प्रचलित कानूनको परिधिभित्र रही तोकिएको जिम्मेवारी भन्दा बढी कार्य कुशलतापूर्वक सम्पन्न गरेको,

(ङ) विगत दुई वर्ष देखि कुनै विभागीय सजाय नपाएको।"

७. <u>मूल नियमावलीको नियम १३ मा संशोधनः</u> मूल नियमावलीको नियम १३ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) ऐनको दफा १५ बमोजिम भएको कुनै निर्णय सार्वजनिक हितको सरोकारसँग सम्बन्धित रहेछ भने त्यस्तो निर्णय जानकारीको लागि सम्बन्धित निकायको सूचना पाटीमा टाँसी वेभसाइट वा अन्य उपयुक्त माध्यमबाट समेत प्रचारप्रसार गरिनेछ।"

८. <u>मूल नियमावलीको नियम २६ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम २६ मा रहेको "ऐनको दफा ४० बमोजिम नियुक्त हुने" भन्ने शब्दावलीहरुको सट्टा "ऐनको दफा ३३ को उपदफा (१) बमोजिम नियुक्त हुने" भन्ने शब्दावलीहरु राखिएको छ।

(२) मूल नियमावलीको नियम २६ को खण्ड (च) र (झ) को सट्टा देहायको खण्ड (च) र (झ) राखिएको छः-

"(च) आफ्नो सम्पत्ति विवरण नियुक्ति भएको मितिले सात दिनभित्र सम्बन्धित मन्त्रालयको सचिव समक्ष पेश गर्ने,

(झ) समय समयमा प्रदेश सरकारले तोके बमोजिमको कार्य गर्ने।"

९. <u>मूल नियमावलीको नियम २७ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम २७ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) कार्यालय प्रमुखले तोके बमोजिमको अन्य कार्य गर्ने।"

१०. <u>मूल नियमावलीको नियम २९ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम २९ को सट्टा देहायको नियम २९ राखिएको छः-

"२९. <u>प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिः</u> (१) ऐनको दफा ३७ को उपदफा (१) बमोजिम देहायको प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - संयोजक |
| (ख) | प्रदेश सरकारका सबै मन्त्रालयका सचिवहरु | - सदस्य |
| (ग) | सचिव, प्रदेश लोक सेवा आयोग | - सदस्य |
| (घ) | सचिव, प्रदेश योजना आयोग | - सदस्य |
| (ङ) | सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार अन्य सम्बद्ध पदाधिकारी तथा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिले आफ्नो कार्यविधि आफै बनाई लागू गर्नेछ।"

११. <u>मूल नियमावलीको नियम ३१ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम ३१ को उपनियम (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(ङ) सम्बन्धित क्षेत्र हेर्ने शाखा प्रमुख, प्रदेश योजना आयोग - सदस्य"

(२) मूल नियमावलीको नियम ३१ को उपनियम (२) र (३) को सट्टा देहायको उपनियम (२) र (३) राखिएको छः-

"(२) उपनियम (१) बमोजिमको एकाईले मातहतका कार्यालयको अनुगमन गरी जनतामा प्रवाह भएको सेवा र सुविधा तथा सरकारी कामको सिलसिलामा प्राप्त उपलब्धि, प्रमुख घटना तथा तथ्याङ्क सम्बन्धी विवरण सङ्कलन गरी प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको एकाईले प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले माग गरेका सूचना, जानकारी, तथ्याङ्क आदि उपलब्ध गराउनु पर्नेछ।"

(३) मूल नियमावलीको नियम ३१ को उपनियम (४) हटाईएको छ।

१२. <u>मूल नियमावलीको नियम ३२ मा संशोधनः</u> मूल नियमावलीको नियम ३२ को सट्टा देहायको नियम ३२ राखिएको छः-

"३२. <u>नीति तथा योजना सम्बन्धी कार्य फछ्र्यौट गर्ने समयावधिः</u> (१) प्रदेश सरकारको नीति वा योजना सम्बन्धी कार्यमा आफ्नो कार्यालय भित्र उठान भई आफैले निर्णय गर्नु पर्ने भएमा वा त्यस्तो कार्यमा सो कार्यालयले आवश्यक विचार गरी अर्को कार्यालयलाई निर्णय वा निकासा दिनु पर्ने भएमा कार्यालय प्रमुखले सो काम बढीमा पन्ध्र दिनभित्र फछ्र्यौट गर्ने वा गर्न लगाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र कार्य फछ्र्यौट हुन नसक्ने देखिएमा कार्यालय प्रमुखले कारण समेत खुलाई कार्य फछ्र्यौट गर्न आवश्यक पर्ने अवधि थप गर्न सक्नेछ।"

१३. <u>मूल नियमावलीमा संशोधनः</u> (१) मूल नियमावलीको ठाउँ ठाउँमा रहेको "प्रचलित सङ्घीय तथा प्रदेश कानून" भन्ने शब्दावलीहरुको सट्टा "प्रचलित कानून" भन्ने शब्दावलीहरु राखिएको छ।

(२) मूल नियमावलीको नियम ५ को खण्ड (ज), नियम ७ को खण्ड (क), नियम २५ को उपनियम (३) को खण्ड (ङ) र नियम २७ को खण्ड (ग) मा रहेको "।" सट्टा "," राखिएको छ।

(३) मूल नियमावलीको ठाउँ ठाउँमा रहेको "सङ्घीय सरकार" भन्ने शब्दावलीहरुको सट्टा "नेपाल सरकार" भन्ने शब्दावलीहरु राखिएको छ।

(४) मूल नियमावलीको नियम ५ को खण्ड (ज), नियम ६ र ७ को खण्ड (ठ), नियम ८ को खण्ड (झ) र नियम ९ को खण्ड (ङ) मा रहेको "तोकिए बमोजिमका अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने वा गराउने।" भन्ने शब्दावलीहरुको सट्टा "प्रचलित कानून बमोजिम तोकिएका अन्य काम, कर्तव्य र अधिकार प्रयोग गर्ने वा गराउने।" भन्ने शब्दावलीहरु राखिएको छ।

१४. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u> (१) मूल नियमावलीको अनुसूची-२ को बुँदा नं. १ मा रहेको "प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४" भन्ने शब्दावलीहरुको सट्टा "प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८" भन्ने शब्दावलीहरु राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश